आज मिति २०८१/०३/०९ गतेका दिन बिहान ८:३० बजे यस नेत्रावती डबजोङ गाउँपालिकाको अध्यक्ष श्री मेघनाथ रिजाल ज्यूको अध्यक्षतामा बसेको पन्धौं गाउँसभाको वैठकले तपसिल बमोजिमको कार्यपालिकाका सदस्यहरु तथा गाउँपालिकाको सदस्यहरुको उपस्थितिमा वैठक वसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | नामथर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | मेघनाथ रिजाल | अध्यक्ष | नेत्रावती डबजोङ – ४ | |
| २. | सितामाया गुरुङ | उपाध्यक्ष | नेत्रावती डबजोङ – २ | |
| ३. | ठाकुर गुरुङ | वडा अध्यक्ष | नेत्रावती डबजोङ – १ | |
| ४. | मिन बहादुर तामाङ | वडा अध्यक्ष | नेत्रावती डबजोङ – २ | |
| ५. | सुरेश गुरुङ | वडा अध्यक्ष | नेत्रावती डबजोङ – ३ | |
| ६. | तिल बहादुर गुरुङ | वडा अध्यक्ष | नेत्रावती डबजोङ – ४ | |
| ७. | हरि अधिकारी | वडा अध्यक्ष | नेत्रावती डबजोङ – ५ | |
| ८. | ज्योती सुनार | कार्यपालिका सदस्य | नेत्रावती डबजोङ – ३ | |
| ९. | शेर वहादुर घले | कार्यपालिका सदस्य | नेत्रावती डबजोङ – ४ | |
| १०. | सिता माया घले | कार्यपालिका सदस्य | नेत्रावती डबजोङ – १ | |
| ११. | भावना तामाङ | कार्यपालिका सदस्य | नेत्रावती डबजोङ – २ | |
| १२. | कमला तामाङ गुरुङ | कार्यपालिका सदस्य | नेत्रावती डबजोङ – ३ | |
| १३. | सन्त माया तामाङ | कार्यपालिका सदस्य | नेत्रावती डबजोङ – ५ | |
| १४. | कल्पना सुनार | वडा सदस्य | नेत्रावती डबजोङ – १ | |
| १५. | दुधसिंह गुरुङ | वडा सदस्य | नेत्रावती डबजोङ – १ | |
| १६. | राम बहादुर तामाङ | वडा सदस्य | नेत्रावती डबजोङ – १ | |
| १७. | विन्दा वि.क. | वडा सदस्य | नेत्रावती डबजोङ – २ | |
| १८. | बिक्रम तामाङ | वडा सदस्य | नेत्रावती डबजोङ – २ | |
| १९. | सञ्जय कुमार गुरुङ | वडा सदस्य | नेत्रावती डबजोङ – २ | |
| २०. | सृजना सुनार | वडा सदस्य | नेत्रावती डबजोङ – ३ | |
| २१. | विर बहादुर गुरुङ | वडा सदस्य | नेत्रावती डबजोङ – ३ | |
| २२. | काले तामाङ | वडा सदस्य | नेत्रावती डबजोङ – ३ | |
| २३. | राम माया श्रेष्ठ | वडा सदस्य | नेत्रावती डबजोङ – ४ | |

benco S1
AI Triple Rear Camera
CamScanner

सेमजोङ, धादिङ
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २४. | ज्ञाने नेपाली | वडा सदस्य | नेत्रावती डबजोङ – ४ | |
| २५. | शान्त कुमार श्रेष्ठ | वडा सदस्य | नेत्रावती डबजोङ – ४ | |
| २६. | बुद्रराम तामाङ | वडा सदस्य | नेत्रावती डबजोङ – ४ | |
| २७. | जानु विश्वकर्मा | वडा सदस्य | नेत्रावती डबजोङ – ५ | |
| २८. | ज्ञान बहादुर अधिकारी | वडा सदस्य | नेत्रावती डबजोङ – ५ | |
| २९. | बेन बहादुर अधिकारी | वडा सदस्य | नेत्रावती डबजोङ – ५ | |
| ३०. | हरेराम साह | प्रमुख प्रशासकीय अधिकृत | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ३१. | टिकाराम अधिकारी | लेखा अधिकृत | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ३२. | नमराज काफ्ले | ईन्जिनियर | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ३३. | सुशिला ङयाङजो | शिक्षा अधिकृत | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ३४. | जीवन लामा तामाङ | स्वास्थ्य शाखा प्रमुख | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ३५. | राजकुमार श्रेष्ठ | योजना शाखा प्रमुख | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ३६. | ईश्वरी श्रेष्ठ | सूचना प्रविधि अधिकृत | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ३७. | जयश्री त्रिपाठी | रोजगार संयोजक | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ३८. | डा. उत्तम थापा मगर | मेडिकल अधिकृत | नेत्रावती डबजोङ गा.पा. अस्पताल | |
| ३९. | सोनेलाल शाह | सब-ईन्जिनियर | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ४०. | मनिषा कुमारी घिमिरे | लेखापाल | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ४१. | ज्ञानेन्द्रराज दाहाल | सहायक पाँचौ | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ४२. | बिजय कुमार तामाङ | रोजगार सहायक | नेत्रावती डबजोङ गा.पा. वडा नं. ३ | |
| ४३. | राकेश भुल | वडा सचिव -१ | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ४४. | कैलाश रमण भट्ट | वडा सचिव -२ | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ४५. | माधव अधिकारी | वडा सचिव -३ | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ४६. | निर्मल चौधरी | वडा सचिव -४ | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ४७. | उमेश बोहरा | वडा सचिव -५ | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ४८. | डोलमाया तामाङ | प्राविधिक सहायक | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ५०. | बुद्धि बहादुर तामाङ | एम.आई.एस.अपरेटर | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ५१. | सुधिर कुमार साह | कम्प्युटर अपरेटर | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ५२. | बिमला गुरुङ | न्यायिक सहजकर्ता | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |
| ५३. | सुमन श्रेष्ठ | खा.पा.स.टे | नेत्रावती डबजोङ गा.पा. कार्यालय | |

CamScanner

प्रस्ताव तथा निर्णयहरुः-

प्रस्ताव नं. १ : नीति तथा कार्यक्रम पारित सम्वन्धमा ।

प्रस्ताव नं. २ : बजेट तथा कार्यक्रम, विनियोजन विधेयक र आर्थिक विधेयक प्रस्तुत सम्वन्धमा ।

प्रस्ताव नं. ३ : विषयगत र वडागत बजेट पारित सम्वन्धमा ।

प्रस्ताव नं. ४ : विधेयक पारित सम्बन्धमा ।

प्रस्ताव नं. ५ : बेरुजु फछ्यौंट सम्बन्धमा ।

प्रस्ताव नं. ६ : कर्मचारी म्याद थप तथा तलबमान सम्वन्धमा ।

प्रस्ताव नं. ७ : प्रोत्साहन भत्ता सम्बन्धमा ।

प्रस्ताव नं. ८ : जिल्ला दररेट सम्बन्धमा ।

प्रस्ताव नं. ९ : अख्तियारी प्रदान सम्बन्धमा ।

प्रस्ताव नं. १० : कन्टिन्जेन्सी र श्रमदान सम्बन्धमा ।

प्रस्ताव नं. ११ : व्यय स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. १२ : समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. १३ : योजना संचालन सम्बन्धमा ।

प्रस्ताव नं. १४ : सवारी साधन मर्मत सम्बन्धमा

प्रस्ताव नं. १५ : छात्रवृति सम्बन्धमा ।

प्रस्ताव नं. १६ : तालिम खर्च मापदण्ड सम्बन्धमा ।

प्रस्ताव नं. १७ : कार्यविधि पारित सम्बन्धमा ।

प्रस्ताव नं. १८ : सार्वजनिक सम्पति सम्बन्धमा ।

प्रस्ताव नं. १९ : शीर्षक परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं. २० : अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. २१ : घर भाडा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं. २२ : ढुङ्गाको कर छुट सम्बन्धमा ।

प्रस्ताव नं. २३ : क्रमागत तथा म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. २४ : प्रगति माथि छलफल सम्बन्धमा ।

प्रस्ताव नं २५ : स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. २६ : धन्यवाद ज्ञापन सम्बन्धमा

CamScanner

## पन्ध्रौं गाउँसभाका निर्णयहरुः

**निर्णय नं. १: प्रस्ताव नं. १** माथि छलफल गर्दा पन्ध्रौं गाउँसभामा सभाका अध्यक्ष एवम् गाउँ प्रमुख श्री मेघनाथ रिजाल ज्यूले सभामा प्रस्तुत गर्नु भएको यस नेत्रावती डबजोङ गाउँपालिकाको आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम उपर बुँदागत रुपमा छलफल गरी गाउँसभा सदस्यज्यूहरुले उठाउनु भएका प्रश्नहरू, जिज्ञासाहरू सभाध्यक्षबाट उचित सम्वोधन भै सर्वसम्मतिले नीति तथा कार्यक्रम पारित गरियो ।

**निर्णय नं. २: प्रस्ताव नं. २** माथि छलफल गर्दा गाउँपालिका उपाध्यक्ष श्री सितामाया गुरुङ ज्यूले गाउँसभामा प्रस्तुत गर्नु भएको यस नेत्रावती डबजोङ गाउँपालिकाको आ.व. २०८१/०८२ को वजेट तथा कार्यक्रम, विनियोजन विधेयक र आर्थिक विधेयक उपरको छलफल प्रारम्भ गरियो ।

**निर्णय नं. ३: प्रस्ताव नं. ३** माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकाको कृषि विकास शाखाको लागि रु ४३ लाख, पशु विकास शाखाको लागि रु ११ लाख, स्वास्थ्य शाखाको लागि रु १ करोड ५४ लाख ७० हजार, महिला बालबालिका शाखाको लागि रु ३१ लाख, शिक्षा शाखाको लागि रु १ करोड ७३ लाख ५० हजार, विपद् शाखाको लागि रु ४० लाख, रोजगार शाखाको लागि रु १० लाख, न्यायिक समिति शाखाको लागि रु ७ लाख, प्राविधिक शाखाको लागि रु ३० लाख, वडा नं १ को लागि रु ४२ लाख, वडा नं २ को लागि रु ३५ लाख, वडा नं ३ को लागि रु ३५ लाख, वडा नं ४ को लागि रु ३५ लाख, वडा नं ५ को लागि रु ४२ लाख, चालु खर्चको लागि रु ८ करोड ६० लाख वडागत विविध खर्च रु १५ लाख, दशै सडक मर्मत तथा तेल खरिद रु १२ लाख र सडक बोर्ड साझेदारीको लागि रु ६ लाख योजना तथा कार्यक्रमलाई सर्वसम्मतले पारित गरियो ।

**निर्णय नं. ४: प्रस्ताव नं. ४** माथि छलफल गर्दा गाउँपालिका उपाध्यक्ष श्री सितामाया गुरुङ ज्यूले गाउँसभामा प्रस्तुत गर्नु भएको यस नेत्रावती डबजोङ गाउँपालिकाको आ.व. २०८१/०८२ को वजेट तथा कार्यक्रम विनियोजन विधेयक र आर्थिक विधेयक समेत उपर दफावार छलफल गरी सवाल, जिज्ञासा सम्वोधन गरी सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५: प्रस्ताव नं. ५** माथि छलफल गर्दा आ. व. २०७४/०७५,२०७५/०७६, २०७६/०७७,२०७७/०७८,२०७८/०७९,२०७९/०८० लाई गाउँकार्यपालिका बैठकबाट नियमित गर्न सिफारिस गरिएको अनियमित वेरुजुलाई यस गाउँसभाबाट नियमित गर्ने निर्णय गरियो । साथै लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुहरुको फछ्यौंट तर्फ आवश्यक कारवाही गर्ने र सुझावहरुको कार्यान्वयन गर्न र अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याइएको बेरुजुहरुको सम्बन्धमा प्रमाण कागज पुष्टाई संलग्न गरी सम्परिक्षणका लागि महालेखा परीक्षकको कार्यालयको डोर समक्ष पेश गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिका र सो अन्तर्गत कार्यरत अस्थायी तथा सेवा करार पदमा कार्यरत कर्मचारीहरुको २०८१ पुष मसान्तसम्म म्याद थप गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । गाउँपालिका वडा नं. ३ मा कार्यरत सविना तामाङलाई गाउँपालिकावाट तलव भत्ता व्यहोर्ने गरी फिल्ड सहायकमा राखे निर्णय गरियो । साथै संघीय र प्रदेश सरकारवाट तलव भत्ता खाने करार तथा अस्थायी पदमा कार्यरत गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाका कर्मचारीहरुको शुरुको तलव स्केल स्थायी कर्मचारी सरह नै कायम गर्ने निर्णय गरियो ।साथै स्वास्थ्य संस्थामा कार्यरत का.स. वाहेक करार कर्मचारीहरुको तलब स्थायी सरह गर्ने निर्णय गरियो । र गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाका कार्यरत करार कर्मचारी र का. स. हरुको रु १ हजार तलब वृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्राविधिक तथा अन्य कर्मचारीहरुलाई मासिक रुपमा दिदै आएको फिल्ड भत्ता र प्रोत्साहन भत्तालाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेत्रावती डबजोङ गाउँपालिकाका लागि आ. व. २०८१/०८२ मा हुने विकास निर्माण लगायतका दर रेटलाई जिल्ला दररेट अनुसारकै दररेट कायम गर्ने निर्णय गरियो । साथै ढुवानीको लागि प्राविधिक फाँटले तोके बमोजिम हुने निर्णय गरियो ।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकाको आ. व. २०८१/०८२ का लागि स्वीकृत भएको बजेट कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा प्रत्येक योजनाबाट ३% रकम कन्टिन्जेन्सी बापत कट्टी गर्ने र उपभोक्ता समितिबाट संचालन हुने योजनामा नगद सहभागिता कम्तिमा ५% र श्रमदान १० प्रतिशत गर्ने गरी योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा आ. व. २०८०/८१ मा भएको गाउँपालिकाको सम्पूर्ण खर्च अनुमोदन गर्ने सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि छलफल गर्दा कर्मचारी पुरस्कार तथा सम्मानका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो । साथै गाउँपालिकामा तपसिल अनुसारका १ लेखा समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| संयोजक | दुधर्सि गुरुङ |
| सदस्य | सृजना सुनार |
| सदस्य | जानु विश्वकर्मा |

CamScanner

निर्णय नं. १३: प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकाभित्र कार्यान्वयन हुने ४० लाख मुनिका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि छलफल गर्दा गाउँपालिका कार्यालयको नाममा रहेका सरकारी सवारी साधन मर्मत आदेशको आधारमा मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. १५: प्रस्ताव नं. १५ माथि छलफल गर्दा गाउँपालिकाबाट M.B.B.S अध्ययनरत विपन्न, दलित तथा जेहेन्दार विद्यार्थीलाई वार्षिक रुपमा रु २ लाखको दरले दिने निर्णय गरियो । साथै प्राविधिक धार अध्ययनरत विद्यार्थीलाई दिदै आएको छात्रवृत्तिलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १६: प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकाको कार्यालय, धादिङबाट सम्पादन हुने विभिन्न कार्यक्रमहरुका लागि तालिम खर्च सम्वन्धी मापदण्ड तपसिल बमोजिम लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | शीर्षक | गाउँपालिकामा संचालित | वडामा संचालित | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम संचालन सम्बन्धी | | | |
| क) | संयोजक भत्ता | २००० | १५०० | |
| ख) | स्रोत व्यक्ति पारिश्रमिक जिल्ला बाहिरबाट भएमा प्रति सेशन | ३००० | २५०० | |
| ग) | हेन्डस आउट | ८०० | ६०० | |
| घ) | सहजकर्ता पारिश्रमिक | १५०० | १२०० | |
| ङ) | सहायक सहजकर्ता पारिश्रमिक | १२०० | १००० | |
| च) | सहयोगी कर्मचारी पारिश्रमिक | १००० | १००० | |
| छ) | प्रशिक्षण सामग्री (३ दिन भन्दा बढी भएमा प्रति दिन थप रु ५००) | ३००० | २००० | |
| ज) | फोटोकपी | आवश्यकताअनुसार | आवश्यकता अनुसार | |
| झ) | सहभागी यातायात खर्च | ५०० | ५०० | |
| ञ) | सहभागी खाजा | २०० | २०० | |
| ट) | सहभागी खाना | २५० | २५० | |
| ठ) | सहभागी स्टेशनरी | १०० | १०० | |
| ड) | प्रतिवेदन लेखन | २००० | १५०० | |
| ढ) | हल भाडा | आवश्यकताअनुसार | आवश्यकता | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार | |
| ण) | विविध खर्च | ३५०० | ३००० | |
| २ | अनुगमन सम्बन्धी | | | |
| क) | पदाधिकारी तथा अधिकृत स्तर प्रति दिन | १५०० | १५०० | |
| ख) | सहायक स्तर प्रति दिन | १२०० | १२०० | |

**निर्णय नं. १७: प्रस्ताव नं.** १७ माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकाका लागि आवश्यक तपसिल अनुसारको कार्यविधि पारित गर्ने निर्णय गरियो ।

क) नेत्रावती डबजोङ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली, २०८१

**निर्णय नं. १८: प्रस्ताव नं.** १८ माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पति, सामुदायिक सम्पति, भवन, सडक, व्यवसायहरुको विवरण माथि छलफल गरी जानकारी लिइयो ।

**निर्णय नं. १९: प्रस्ताव नं.** १९ माथि छलफल गर्दा तेह्रौं गाउँसभाबाट आ. व. २०८०/८१ मा सेवा र परामर्श शीर्षकमा विनियोजित बजेटलाई विविध खर्च शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो । साथै पालिका भवन परिसरमा वृक्षरोपण कार्यक्रम शीर्षकमा विनियोजित बाँकी रकम समेत विविध खर्च शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०: प्रस्ताव नं.** २० माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकामा महामारी रोग नियन्त्रण कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट निःशुल्क वितरणका लागि औषधि खरिद गरिएको खर्च अनुमोदन गर्ने निर्णय गरियो । स्थानीय ऐन कानुन सम्बन्धी अभिमुखीकरण कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट ढाका बुनाई कार्यक्रमको अपुग रकमको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१: प्रस्ताव नं.** २१ माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतलाई १५०००, लेखा अधिकृतलाई ५०००, प्राविधिक शाखा प्रमुखलाई २२०० र शिक्षा अधिकृतलाई २२०० उपलब्ध गराइदै आएको घर भाडा सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २२: प्रस्ताव नं.** २२ माथि छलफल गर्दा उपभोक्ता समिति गठन भई कार्यान्वयन हुने योजनाहरुको ढुङ्गामा लिइने कर संघ तथा प्रदेश कानुन बमोजिम हुने निर्णय गरियो ।

**निर्णय नं. २३: प्रस्ताव नं.** २३ माथि छलफल गर्दा यस आ. व. मा कार्य सम्पन्न हुन नसकेका तपसिल बमोजिमका योजना तथा कार्यक्रमको दायित्व सारी नियमानुसार कार्य गर्न सम्पन्न गरी भुक्तानी माग गरि सक्नु पर्ने गरी कार्यान्वयनका लागि भएको योजना सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

CamScanner

तपसिल:

| क्र.सं. | कार्यक्रम/आयोजनको नाम | कार्यान्वयन स्थान | विनियोजन रु |
|---|---|---|---|
| १. | टाचे छयोलिङ सङ गुम्बा मूर्ति निर्माण | वडा नं. ४ | २ लाख |
| २. | रामचन्द्र शालिक निर्माण | वडा नं. ४ | ५ लाख |

**निर्णय नं. २४: प्रस्ताव नं. २४** माथि छलफल गर्दा यस नेत्रावती डवजोङ गाउँपालिकामा आ व २०८०।८१ मा न्यायिक शाखाबाट सम्पादित कामहरुको प्रगति माथि समिक्षा गरियो ।

**निर्णय नं. २५: प्रस्ताव नं. २५** माथि छलफल गर्दा ग्रामीण मुखी युवा अभियान नेपालले आर्थिक वर्ष २०८१।८२ मा वडा नं ५ का लागि प्रस्ताव गरेको योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६: प्रस्ताव नं. २६** माथि छलफल गर्दा गाउँसभा सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण सरोकारवालाहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

CamScanner